# अर्नमा गाउँपालिकाको अध्यक्ष श्री अशोक कुमार यादवज्यूले अर्नमा गाउँपालिकाको गाउँ सभामा पेश गर्नु भएको

# नीति तथा कार्यक्रम

**अर्नमा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अर्नमा, सिरहा**

**मधेश प्रदेश,नेपाल**

**२०८३ जेष्ठ २६ गते**

यस अर्नमा गाउँ सभाको उपाध्यक्ष ज्यु तथा उपस्थित सम्पुर्ण सभा सदस्य ज्युहरु यस गाउँ सभा कार्य सञ्चालन ऐन २०७७ को दफा ७ ( ३) बमोजिम यस गाँउसभाको बाह्रौँ अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

गाउँ सभा कार्य सञ्चालन ऐन २०७७ को दफा ९ र ११ को अनुसुची १ तथा २ बमोजिमको कार्यसुची अनुसार यस गाउँ सभाको १२औं अधिवेशनको दोस्रो बैठकमा पाल्नु भएका यस सभाका उपाध्यक्षज्यू, सभा सदस्यज्यूहरु, सभा सचिव ज्यू, आमन्त्रित यस गाउँपालिकाका विभिन्न पर्टिका पार्टि प्रतिनिधि ज्यूहरु, प्रधानाध्याकज्युहरु, सम्पूर्ण शाखा प्रमुख, अधारभुत अस्पताल प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु, स्वास्थ्य चौकी प्रमुख ज्यूहरु , इलका प्रहरीका प्रमुख ज्यू, बैंक तथा वित्तिय क्षेत्रका प्रमुख ज्यूहरु, सहकारी सञ्चालक ज्यूहरु, गा.पा.का कर्मचारीहरु, सुरक्षा कर्मीहरु, पत्रकार, राजनीतिकर्मी, नगरिक समाज, बुद्धिजीवि, समाजसेवी जयूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा अर्नमा गाउँपालिका र म आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक नमस्कार गर्न चाहन्छु ।

यो गरिमामय सभामा आ.व. २० ८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु माझ उभिई रहँदा प्रजातन्त्र , लोकतन्त्र , गणतन्त्रको प्राप्ति र त्यसैको जगमा समृद्ध राष्ट्र निर्माणका लागि विभिन्न कालखण्डमा भएको जनआन्दोलन, मधेश आन्दोलनका र सम्पुर्ण परिवर्तनको लागि भएका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन आहूती गर्ने ती सम्पुर्ण महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

यस अर्नमा गाउँपालिकाको नीति तथा कार्यक्रममा उपस्थित सभा सदस्यज्यु , गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु लगायत यहाँ उपस्थित हुनुभएका सवै महानुभावहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सवैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको , स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्दै प्रजातन्त्र सुदृढीकरण गर्ने , लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण गर्ने , समावेशीकरण मार्फत मुल प्रवाहीकरण गर्ने , स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो ।

वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमूलक संस्थाहरु हुन् । आपसी सहयोग , सहमति , सद्भभाव र सहकार्यका माध्यमबाट गाउँपालिका विविध गतिविधि सञ्चालन गर्न निर्दिष्ट नीति अनुरुप गाउँपालिकाका सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह , सुझाव , मार्गदर्शन, सहयोग र समनव्य प्रति म यस शुभ

अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

हामीसंग साधन स्रोतहरु सिमित छन् गर्नुपर्ने कामहरु धेरै छन । जनताले निर्वाचित जनप्रतिनिधि मार्फत धेरै अपेक्षा गरेका छन् । हामी स्थानीय तहलाई पारदर्शी, उत्तरदायीपुर्ण, समावेशी, विधिसम्मत र आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गरिनेछ । नेपालको संविधानमा भएका नागरिकका शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिक न्यायका हक अधिकारहरुको प्रत्याभुत गरी समाजवादीको आधार बनाउन कृषकलाई मल, बिउ, बजारीकरण, प्रविधिक सेवा र उचित मुल्यको सुनिश्चितता गर्न युवाहरुलाई आफनै गाउँमा रोजगारी अवसरहरु सिर्जना गरी आफना मातापिता जहान र छोराछोरी सँगै बसेर जीवनयापन गर्ने वातावरण निर्माण गर्ने गरी कार्यक्रम संचालन गर्ने जस्ता नीतिहरु लिएको छ ।

## क. बिधमान परिवेश

हामीसँग भएका जनशक्ति , श्रोत, साधन प्रर्याप्त नभएको तितो यथार्थ सबैको समुने नै छ । यसका वावजुद परिवर्तन, इच्छाशक्ति , मिहिनेत , इमान्दारीता, सहकार्य, समन्वय, सहयोग अन्तरसम्बन्ध तथा सहअस्तितवबाट सम्भव छ भन्ने कुरामा विश्वास राख्दै मौजुद्धा जनशक्तिको वैज्ञानिक व्यवस्थापन तथा असल कार्यलाई निरन्तरता खराव लाई अन्त्य गर्ने जमर्कोको साथ केही अल्पकालिन र दीर्घकालिन नीतिहरु तय गर्दै अर्नमा गाउँपालिकाको सर्वाङ्गिन विकास गर्ने दृढ संकल्पका साथ अगाडी बढेका छु । शिक्षानै परिवर्तनको उदगम विन्दु हो भन्ने विषयलाई आत्मसाथ गर्दै शिक्षालाई प्रमुख प्रथमिकतामा राखि अगाडी बढेको हामि सबैले अनुभुति गरेकै विषय हो । स्वास्थ्य सेवामा सुधार भई यस भेगका जनताले महङ्गो शुल्क तिरी बाहिर उपचार गराउन जाने बाध्यतालाई केहि हद सम्म न्युनीकरण गर्न सफल भएका छौ । १५ शैंया को आधारभुत अस्पताल सेवा सञ्चालनमा रहेको सर्वविधितै छ । यसै गरी मल खाद्य, विउ विजन आपूर्ति गरी सिंचाईको दीर्घकालिन योजना सहित अगामी दिनमा कृषिमा व्यापक आधुनिकीकरण, यान्त्रिकिरण, विविधीकरण गर्ने बाटोमा अगाडी बढेका छौं । यसै गरी रोजगारी सिर्जना गरी गरिवी निवारण गर्न तथा दिगो विकासको लक्ष्य हासिल गर्न तत्काल केही निर्णय एवं योजनाका साथ अगाडी बढेको अवस्था छ । थप धेरै विषयहरु अध्ययन गरी नीति कार्यक्रम योजना तथा बजेटमा समेट्ने प्रयास गरिएको छ । हामीले लिएको नीति, योजना कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण गा.पा.पदाधिकारी , कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, सुरक्षा निकाय , पत्राकार अर्नमा वासी जनताले सकारात्मक सहयोग गर्ने अपेक्षा र विश्वास लिएको छु ।

## ख. नीति कार्यक्रम तर्जुमाका आधारहरुः

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्तअनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न भरपुर प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध , समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीता लाई जोड दिइनेछ।अन्य आधारहरुलाई वुदागत रुपमा देहाय बमोजिम समेटने प्रयास गरेको छ।

१. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
२. संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
३. संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
४. प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तिय नीतिहरु,
५. स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
६. नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
७. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
८. स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
९. विकासका समसामयिक मुद्धाहरुः सामुदायकि विधालयको शिक्षामा सुधार, स्वास्थ्य सेवाको उपलब्धता र पहुँच, कृषिको विविधिकरण व्यवसायीकरण, सामाजिक संरक्षण , दिगो विकास लक्ष्य , जलवायु परिवर्तन , विपद् व्यवस्थापन , पोषण सुरक्षा , लैङ्गिक समानता तथा सामाजिक

समाबेसिकरण, बालमैत्री स्थानीय शासन , वातावरण मैत्री स्थानीय शासन , पूर्ण सरसफाई , उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,

१०. मध्यकालिन खर्च संग्रचनाले निर्देश गरेको कार्यक्रमहरू

११. निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषाणापत्रहरु,

१२. अर्नमा गाउँपालिकाले आवश्यक ठानेका विषयहरु।

## ग. हाल सम्मको प्रमुख उपलब्धीहरुः

१. प्रशासनीक भवन चालु आ.व.मा सम्पन्न हुने अवस्थामा रहेको छ।

२. प्राथमिक अस्पताल सञ्चालनमा आएको छ।

३. १५ शैंयाको आधारभुत अस्पतालको भवन सम्पन्न हुने अवस्थामा रहेको छ।

४. जनशक्ति व्यवस्थापनको कार्यमा प्रगति भएको छ।

५. पर्यटकीय स्थलको लागि पोखरीमा सौन्दर्यकरणका सम्भाव्यता अध्ययन भएको छ।

६. विधालयमा पूर्वाधार विकास निर्माणका सुनिश्चितता भएको छ।

७. सिंचाईका लागि बोंडिङ्ग जडान भएको छ।

८. स्वच्छ खानेपानीको लागि ह्याण्ड पाईप जडान गरिएको छ।

९. लैङ्गिक समानता सामाजिक समावेशिकरण कार्यक्रम मार्फत सशक्तिकरणमा उल्लेख्य टेवा पुगेको छ।

१०. सार्बजनिक सेवाप्रवाह जनमैत्री तथा जनता को नजिक रहेर सेवा गर्ने संस्कारको बिकाश भएको छ।

११. नयाँ कृषि सडकहरु निर्माण हुनुका साथै कृषि उपज बृद्धिका लागि २५% अनुदानमा कृषि विउविजन(गहुँ विउ) वितरण कार्य भएको छ।

१२. कृषि सिचाई उपलब्धताको लागि विभिन्न ठाउँमा कृषि विधुतिकरणको कार्य भएको छ।

१३. आवजातमा सहजताका लागि सडकहरुमा माटो ग्राभेल र सडक ढलानहरु भएको छ।

१४. बजार व्यवस्थापनको वैज्ञानिक मोडलको अध्यन भईसकेको छ।

१५. युवा स्वरोजगार हेतु शिपमुलक कार्यक्रमहरु सञ्चालन भएका छन्।

## घ. प्राथमिकताहरु

१. सामाजिक विकासतर्फः शिक्षा र स्वास्थ्य

२. आर्थिक विकास क्षेत्रका कृषि, पशु विकास र सहकारी "(अर्नमा एकीकृत कृषि जिविकोपार्जन तथा सामाजिक सूरक्षा कार्यक्रम" अन्तर्गत (क) किसान कल सेन्टर स्थापना र (ख) नेपाल एग्रोमार्ट स्थापना गर्ने)
३. भौतिक पूर्वाधर, सिचाइ, सडक स्तरोन्नती
४. उद्यमशिलताको विकास र रोजगारी सिर्जना
५. नीतिगत, कानूनी एवं संरचनागत विकास
६. सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजिनक खर्चमा वित्तिय अनुशासन तथा पारदर्शिता
७. बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
८. ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
९. सरसफाई र वातावरणीय स्वच्छता अभिवृद्धि
१०. वन वातावरण तथा विपद् व्यवस्थापन
११. अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य

## ङ. विकास र समृद्धिको लक्ष्य प्राप्तिका अवसर र चुनौती

### विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. **संविधानत:** अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनला ई बजार सम्म को पहुँच स्थापित हुनु।

### विद्यमान चुनौतीहरू:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।

३. किसानको उत्पादनलाई वजारीकरण गर्नु ।
४. गुणस्तरीय बीउबिजन तथा मलखाद समयमा नै उपलब्ध गराउनु ।
५. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
६. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
७. कृषकलाई नवीन कृषि प्रविधि उपलब्ध गरी उत्पादकत्वमा वृद्धि गर्नु ।
८. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
९. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
१०.सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्इङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
११.अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।
१२.बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
१३.सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१४.विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रव हमा प्रभावकारी उपयोग सम्बन्धी योजना Asset Management Plan (एसेट म्यानेजमेन्ट प्लान) तयार गरी कार्यान्वयन गर्नु ।
१५.सार्वजनिक, ऐलानी, पर्ति, बाटो, कुलो, पैनी, पोखरी, गौचरण लगायतका सार्वजनिक जग्गाहरुको संरक्षण, अतिक्रमण नियन्त्रण तथा अभिलेखिकरण गरी उपयोग गर्नु ।

**उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,**

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समेतको हरेक प्रक्रिया तथा तहमा सरोकारवाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरिक मञ्च , वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा गोष्ठी , विषयगत समिति एवं एकीकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सवै सँग व्यापक अन्तरक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

# नीति तथा कार्यक्रम
# आ.व.२०८३/०८४
# मिति २०८३ जेष्ठ २६ गते

## १.सामाजिक विकास सम्बन्धी नीति

### क. शिक्षा तर्फः

१. गाउँपालिका भित्रका विधालयहरुमा क्रमिक रुपले बालविकास देखि सुदृढिकरण,व्यवस्थित बालमैत्री र प्रविधिमैत्री सिकाइको लागी आवश्यक पर्ने जनशक्ती तथा शैक्षिक सामाग्री लागयतका व्यस्थापन पक्षलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२. सामूदायिक विधालयमा आवश्यक स्रोत साधन तथा जनशक्तीको क्रमिक रुपले परिपुर्ती गरिनेछ।

३. विधालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा प्रोत्साहनको व्यवस्था गरि कार्यान्वयनको पक्षमा जोड दिइनेछ।

४. विधालय छाडने तथा दोहरिने प्रक्रियामा न्यूनिकरण गरि १०० प्रातिशत विधार्थी भर्ना गराई आधारभुत तहको शिक्षा अनिर्वाय र निःशुल्क हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५. सीप मुलक तथा प्रविधिमैत्री शैक्षणिक कार्यक्रमहरुलाई विस्तार गरिनेछ।

६. साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

७. समतामुलक प्रक्रिया अपनाई विधालयमा गुणस्तरीय शिक्षाका लागि आवश्यकता अनुसारको कार्यक्रम कार्यन्वयनमा जोड दिइनेछ।

८. मातृभाषामा स्थानिय पाठयक्रम निर्माण तथा कार्यन्वयनमा जोड दिइनेछ ।

९. विधालयमा अध्यनरत छात्राहरुको लागि सेनेटरी प्याडको उपलब्धता गर्ने/गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१०. विधालय स्तरीय शिक्षालाई प्रविधिमूलक बनाउन सिपमूलक अभिमूखिकरण तथा आवश्यकता अनुसारको कार्यक्रमहरु क्रमिक रुपले संचालन गरिनेछ।

११. विभिन्न वर्ग तथा सामूदायिका विधार्थीहरुको सहभागीतामा सृजलनशील तथा उपलब्धिमूलक हुने किसिमको कार्यक्रमहरुलाई प्राथिमकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

१२. विधालय स्तरीय हाजरीजवाफ,लेखन सीप,वक्तृत्वकला,खेलकुद नृत्य जस्ता विधार्थीहरुको अन्तरनिहित क्षमता प्रस्टफुटन हुने किसिमको कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१३. यस गाउँपालिका भित्र नमूना वि द्यालय र प्राविधिक शिक्षालय तर्फ कृषि र पशु सम्बन्धी प्रविधिक शिक्षा संचालनको लागि आवस्य प्रक्रिया अगाडी बढाइनेछ ।

१४. गाउँपालिका भित्रका शिक्षकहरुको आवश्यकता, औचित्यता तथा विषयगतका आधारमा काज सरुवा लाई निरन्तरता दिइनेछ ।

१५. सामूदायिक विधालयहरुमा शिक्षक विधार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक दरबन्दी मिलान कार्यलाई सरुवाको माध्यमबाट व्यवस्थापन गरिनेछ ।

१६. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागी सरकारी तथा निजि क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसंग सहकार्य र साझेदारी गरिनेछ ।

१७. सबै विधालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

१८. शिक्षक तथा वि द्यालय कर्मचारीहरुको प्रारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. गाउँपालिका भित्र संचालित सामूदायिक तथा धार्मिक जस्ता शिक्षालयहरुको आवश्यकता अनुसारको स्तर उन्नती गर्दै लगिनेछ ।

२०. गाउँपालिका भित्र संचालित विधालयहरुमध्ये शिक्षण सिकाई तथा अन्य शैक्षिक पक्षहरुको मूल्याङ्कन गरी उत्कृष्ट विधालयलाई प्रोत्साहन गरी थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२१. विधालयसंग आवद्ध प्र.अ., शिक्षक तथा कर्मचारीहरुको लागी आवश्यकता बमोजिमका शैक्षिक अवलोकन तथा भ्रमण जस्ता कार्यहरुलाई प्राथमिकता बमोजिक कार्यान्यन गरिनेछ ।

२२. गाउँपालिका भित्र संचालित विधालयहरुको सुदृढिकरण तथा गुणात्मक सुधारको लागी आवश्यकता बमोजिम बजेट विनियोजन गरिनेछ ।

२३. दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. संस्थागत विद्यालयहरुमा कानूनले तोके बमोजिमको छात्रवृत्तीको सुनिश्चितता गरिनेछ ।

२५. गा.पा. भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु कम्तिमा १ वटा बालविकास कक्षा स्थापना गरि कार्यान्वयन गरिनेछ ।

२६. पठनपाठनलाई प्रविधिमैत्री बनाउन शिक्षक, विद्यालय र गा.पा. को साझेदारीमा १ शिक्षक १ ल्यापटप कार्यक्रम ल्याइनेछ ।

२७. कक्षा १ देखि कक्षा ३ सम्ममा उपचारात्मक शिक्षणको लागि त्यससँग सम्बन्धित थिमगत सामग्री तयार गरि प्रभावकारी रुपमा लागु गरिनेछ ।

२८. गा.पा. भित्रका प्र.अ. हरुलाई आवश्यक थप प्रोत्साहनको व्यवस्थापन गरिनेछ ।

२९. शैक्षिक सुधारका लागि कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीलाई अतिरिक्त कक्षा उपलब्ध हुने व्यवस्था गरिनेछ ।(थप)

## ख. स्वास्थ्य

**आधारभुत स्वास्थ्य सेवा गाँउवासीको अधिकार विशेषज्ञ सहितको अर्नामा आधारभुत अस्पतालमा उपचार भन्ने मुल नारासहित स्वास्थ्य सम्बन्धि नीतिहरुलाई निम्न अनुसार लागु गरिने छ।**

- निमार्ण समपन्न हुन लागेको १५ शैयाको अर्नामा आधारभुत अस्पतालमा २४ शै घण्टा ईमरजेन्सी र प्रसुति सेवा सुनिश्चि गरिने छ।अस्पतालको ब्यवसाहिक योजना तयार गरि सेवा बिस्तार गरिने छ।
- पालिकाले तयार गरेको आधारभुत सेवाको रणनैतिक योजना अनुरुप विशेषज्ञ चिकित्सक ,भिडियोX-Ray, Basic Computerized X-Ray, प्रयोगशाला, ECGसवा सहितको अस्पताल अन्तरङ्ग सेवा संचालन गरिने छ। चिकित्सा अभ्यास र किल्निकल तालिम संचालन गर्न हेल्थ सिमुलेसन कक्ष संचालनमा ल्याइने छ। स्वास्थ्य सेवा बिस्तारकालागि सबै तहका सरकार र साझेदारसंग लागत साझेदारी गरिने छ।
- अर्नामा गाउँपालिका स्वास्थ्य क्षेत्रको दिर्घकालिन रणनैतिक योजना२०८३।८४ देखि ८७।८८ कार्यान्वयन गरिने छ। रणनैतिक योजना अनुसार पुर्ण संस्थागत प्रसुति र खोप , शुन्य मातृ मृत्यू, पोषण मैत्री पालिक, तथा पुर्ण सरसफाइ उन्मुख स्वास्थ्य संस्था कायम गर्ने कार्यक्रमका लागि सबै संस्था र तहका स्वास्थ्यकर्मी परिचालन गरिने छ। कार्यालय समयमा स्वास्थ्यकर्मीले निजी क्लिनिकसंचालनमा रोक लगाईनेछ।
- सेवाको उपलब्धता, सेवाग्राहीको संख्या, स्वास्थ्य कार्यक्रमको सुचकमा भएको प्रगति र न्युनतम सेवा मापदणको मुल्याङ्कनका आधारमा स्वास्थ्य संस्था मार्फत स्वास्थ्य कार्यक्रम संचालनका लागि अनुदान प्रदान गरिने छ।
- बिद्यालयमा अध्यनरत सम्पूर्ण बिधार्थी र गर्भवतीहरुलाई अर्धबार्षिक रुपमा स्वास्थ्य परिक्षण तथा पोषण लेखाजोखा कार्यक्रमको साथै एक स्वास्थ्य कर्मी एक स्वास्थ्य कक्षा संचालन गरिनेछ।
- दिगो बिकास लक्षप्राप्त गर्न संघिय सरकारबाट प्राप्तहुने स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुको स्पस्ट कार्यादिशका साथ कार्यान्वयन गरिने छ। आमा सुरक्षा कार्यक्रम मार्फत पालिकाले संचालन गरेका स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाका लागि डिस्चार्जका बेला रु.१००० यातायात,प्रोटोकल अनुसार जाँच गर्ने महिलालाइ गर्भवति उत्प्रेरणा र पालिका बाट किटनासक झुल उपलब्ध गराइने छ। गाउँपालिका भित्रका बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउने महिलाका लागि पालिका भित्र निशुल्क

एम्बुलेन्स सेवा प्रदान गरिनेछ।साथै प्रत्येक गर्भवतीलाईत्रैमासिक धुम्ती ग्रमिण अल्ट्रासाउण सेवा सबै स्वास्थ्य संस्थामा बिस्तार गरिनेछ।

- मानसिक स्वास्थ्य सेवा , परिवार योजना सेवा बिस्तार , बाल रोगको एकिकृत ब्यवस्थापन , स्वास्थ्य शिक्षा सुचना तथा संचार कार्यक्रम संचालनगरि किशोरकिशोरी प्रजन्न् स्वास्थ्य मैत्री स्वास्थ्य संस्था क्रमश बनाउदै लगिनेछ।मातृ मृत्यु निगरानी , कुपोषण र क्षयरेग नियन्त्रण लगायत राष्ट्रिय तथा प्रदेशिक निति कार्यक्रम अनुसार पालिकाकाको दिर्धकालिन स्वास्थ्य रणनैतिक योजना कार्यान्वयन सार्वजनिकनिजितथा गैर सरकारी संस्था समेतको श्रोत एकिकृत गरि कार्यान्वयन गर्ने नीति लिएको छ ।

**"आधारभुत स्वास्थ्य गाउँवासीको मौलिक अधिकार विशेषगय सेवा सहित निःशुल्क उपचार मुल नारा सहित स्वास्थ्य सम्बन्धी नीतिहरुलाई निम्म अनुसार लागु गरिने छ ।"**

१. चालु आ.व.मा निर्माण कार्य समपन्न हुन लागेको १५ शैयाको अस्पताल अर्नमामा २४ औं घण्टा ईमरजेन्सी सेवा विशेषज्ञ चिकित्सक सहितको सुविधा समपन्न प्रसुति शल्यक्रिया( C/S), भिडियो X-Ray, आधारभुत कम्पियुटराईज X-Ray, अत्याधुनिक मेडिकल प्रयोगशाला, ECG, ICU सहितको अत्याधुनिक सुविधा समपन्न अस्पताल विशेष प्राथमिकताका साथ क्रमश सञ्चालनमा ल्याईनेछ।
२. अर्नमा अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम सञ्चलानमा ल्याईनेछ।
३. हरेक गाउँबासीहरुलाई स्वास्थ्य विमा गर्न प्रेरित गरिनेछ।
४. साझेदार संस्थाहरुको सहकार्यमा विधालय स्वास्थ्य शिविर तथा विद्यार्थी स्वास्थ्य परिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ।
५. लागु औषध दुरव्यसनी नियन्त्रण तथा स्वास्थ्य सचेतना अभियान सञ्चालन गरिनेछ।
६. बहु क्षेत्रिय पोषण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरि पोषण मैत्री शासन युक्त पालिका तथा क्षयरोग मुक्त पालिका घोषणा अभियान लाई तिब्रता दिईनेछ।
७. निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा जनशक्ति , उपकरण तथा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ।
८. समय समयमा निःशुल्क स्वास्थ्य सिविर सञ्चालन गरिनेछ।
९. बिधमान स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिइने छ। स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
१०. महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यक योजना र संयन्त्रको निर्माण गरिनेछ।
११. आयुर्वेद आरोग्यता सम्बन्धी सेवा विस्तार गरिनेछ।

**१२.** पूर्ण खोप सुनिश्चितता गरिने छ।

**१३.** स्वास्थ्य स्वयम् सेविकाहरुलाई विगतमा दिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

**१४.** विशेषज्ञ सहितको स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चिता गरिनेछ।

**१५.** कार्यालय समयमा कार्यरत स्वास्थ्यकर्मीले निजि क्लिनिक सञ्चालनमा रोक लगाइनेछ।

**१६.** १५ शैयाको अस्पताल विस्तार गर्दै ५० शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ।

**१७.** महिला स्वयंमसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईनेछ।

**१८.** मातृ तथा नवजात शिशु मृत्यु दरसँग सम्बन्धित दिगो विकास लक्ष्य पुरा गर्न

क. संस्थागत प्रशुति सेवा १०० प्रतिशत प्रयाउनेछ।

ख. प्रशुति सेवाको लागि गा.पा. भरी निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

ग. प्रशुति तथा नवशिशु घर भेट कार्य गरिनेछ।

घ. संस्थागत प्रशुति हुने सुत्केरीलाई प्रोत्साहनका प्याकेज उपलब्ध गरिनेछ।

ङ. सबै वडालाई जिरो होम डेलिभरी वडाको रुपमा घोषण गरिने छ।

१९. ४० वर्ष माथिका समुदायलाई नसर्ने रोगको स्क्रिनिङ गरी निःशुल्क रुपमा उपाचार गरिनेछ।

२०. पाठेघर झर्ने समस्या महिलाहरुको स्क्रिनिङ गरि निःशुल्क रुपमा उपचार गरिनेछ।

२१. मानसिक रोग पिडित व्यक्तिहरुलाई विशेष उपचार तथा परामर्श दिइनेछ।

२२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन निरन्तरता दिईनेछ।

## ग. खानेपानी तथा सरसफाइ तर्फः

**१.** सवै गाउँवासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी , सरसफाई सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ।

**२.** यस पालिकाबाट सञ्चालन गरिने खानेपानी , सरसफाई र स्वच्छता कार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी व्यक्तिहरुको स्वास्थ्य , मान, प्रतिष्ठा र इज्जतको सवालसँग जोडी कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि पालिकाको १० वर्षिय खानेपानी , सरसफाई र स्वच्छता योजना WASH Plan (वास पलान) तयार गरि सवै सरोकारवालाहरु र विकास साझेदारी संस्थाहरुलाई यसै योजनको लक्ष्य पूरा गर्न एकद्धार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिने छ।

३. दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने , पानी सुरक्षा योजनाहरु लागू गर्ने र खुला दिसामुक्त पछि खानेपानी सुरक्षित समुदाय Water Safe Community (वाटर सेफ कम्युनिटी) विकास गर्दै पूर्ण सरसफाई तर्फ अगाडि बढ्ने नीति लिईनेछ।

४. कुनै पनि समयमा आउन सक्ने विपद्सँग जुध्न सक्ने खानेपानी र सरसफाई संरचना निर्माण गर्नका साथै यसका लागि पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नुका साथै सफा स्वच्छ सरकार (Wash Government) सुनिश्चित गर्न वातावरण तयार गरिनेछ।

५. खानेपानी, सरसफाइ तथा स्वच्छतालाई दिगो बनाउन, गुणस्तर अभिवृद्धि गर्न तथा स्वच्छता-सुरक्षा सुनिश्चित गर्न खानेपानीको श्रोतको गुणस्तर परीक्षण गर्ने, विद्यालय र स्वास्थ्य संस्था जस्ता संवेदनशिल सार्वजनिक कार्यालयहरुमा गुणस्तरीय खानेपानी, प्रयोगकर्ता मैत्री शौचालयको प्रवन्धको सुनिश्चित गरिनेछ।

६. सामूदायिक विद्यालयहरुमा "स्वच्छताको लागि एक कदम" कार्यक्रम संचालन गरी छात्राहरुले महिनावारी अवधीमा प्रयोग गर्न निशुल्क स्यानेटरी प्याडको उपलब्ध हुने व्यवस्था मिलाईनेछ। यो व्यवस्थाबाट किशोरी छात्राहरुले महिनावारी अवधिमा विद्यालय आउन नपाउने र सो कारणबाट किशोरीहरुको शैक्षिक गुणस्तर खस्किने अवस्था सुध्रिने अपेक्षा गरिएकोछ।

## घ. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः

१. गाउँपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक आवश्यकताहरु महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चित गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जिवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ।

२. युवाहरुमा सीपमूलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ।

३. महिलाद्वारा सञ्चालित घरेलु उ द्योग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको कर तथा शुल्कमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ।

४. महिला हिंसा तथा बालबालिकाको श्रम शोषणको अन्त्यको शुनिश्चिताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

५. बालश्रम मुक्त यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न पहल गरिनेछ।

जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी

६. एक दलित बस्ती एक उत्पादन केन्द्र स्थापना गरी दलित समुदायलाई आर्थिक रुपले सबल बनाइने छ ।

७. गाउँ क्षेत्र भित्र छुवाछुत,सामाजिक कुरीति,अन्ध बिश्वास तथा सामाजिक,लैंगिक विभेद र हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

८. बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्दै अघि बढाईनेछ ।

९. बालबालिकाहरु तथा किसोरिहरु ससक्तिकरणका लागि बालश्रम, बाल विवाह, बहुबिवाह दहेज/ दाइजो, बोक्सी प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनिकरण गरिने नीति कार्यान्वयन गरिनेछ ।

१०. युवा बेरोजगार ,पछि परेका वर्ग र आवश्यक ठहरिने यस गा .पा. अन्तर्गतका सबै नागरिक, कर्मचारी तालिम र अभिमुखीकरण कार्यक्रम दिन एक तालिम केन्द्रको स्थापना गरिनेछ ।

११. महिला, दलित , जनजाति , मधेशी र विपन्न वर्गको सशक्तिकरणका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

१२. वैदेशिक रोजगारमा जाने स्थानीय तहका नागरिकहरुको रोजगारीलाई सुरक्षित मर्यादित र लाभदायक बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

### ङ. युवा, रोजगार तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उधमशीलता विकासका लागि गाउँपालिका स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ ।

२. युवा उधमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन विजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

३. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स समाग्री मर्मत, पलम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावासायिक पशु पालन तथा तरकारी खेती जस्ता तलिमहरु प्रदान गरीबी न्युनीकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ

## २. आर्थिक विकाश तर्फ

### क. कृषि तथा पशुः

१. अर्नमा एग्रोमार्ट संचालनमा ल्याई कृषिजन्य र घरेलु तथा स्थानीय उत्पादनको खरीद/बिक्रि प्रवर्द्धन गरिनेछ।

२. गाउँपालिका क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ।

३. कृषि तथा पशु पालन क्षेत्रको विकासमा सहकारी संस्था, कृषक समुह, समिति, सरकारी, गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिनेछ।

४. अर्गानिक खेतीको विस्तार र तरकारी तथा खा द्यान्न बालीमा प्रयोग हुने विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

५. स्थानीय कृषिजन्य तथा घरेलु उत्पादनलाई बजारीकरण गरिनेछ।

६. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्न विषादीको बैकल्पिक व्यवस्था गर्दै अर्गानिक उत्पादनमा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइने छ।

७. जडिबुटिलाई संरक्षण, सम्बर्द्धनको लागि जडिवुटी खेति तथा सो को बजारीकरणको लागि आधुनिक तरीकाले विशेष कार्यक्रम ल्याइनेछ।

८. अर्गानिक खेतीलाई जोड दिइनेछ।

९. यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई मुल्य र मान्यताको आधारमा संचालित गर्न तथा नियमन गर्न प्रभावकारी पृष्टपोषण सहितको अनुगमन गरिनेछ।

१०. कृषिमा आधारित कृषकहरुलाई परामर्श सेवा लयायतका अन्य सेवा प्रदान गर्न कार्यालयलाई व्यवस्थित एवं सेवाको सक्रियता बढाइने छ।

११. स्थानीय उत्पादन तथा बजारीकरणमा जोड दिदै कृषिमा यान्त्रिकिकरण, विविधिकरण र व्यवसायीकरण गरिनेछ।

१२. मल खाध आपुर्तिका लागि संघ र प्रदेश सरकारसँग समनव्य गरि अधिकतम पहल गरिनेछ।

१३. विउ विजन वितरणमा पारदर्शी, यथार्थपरक र वैज्ञानिक तबरले गरिनेछ।

१४. एक गाउँ एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ।

१५. एक गाउँ एक भेटनरी प्राविधिक व्यवस्था गरिनेछ।

१६. कृषि सहकारी समुह अनुगमन गरी मर्म विपरितका सहकरी समुहलाइ खारेज गरिनेछ।

१७. कृषि सिचाइका लागि सम्भाव्यता अध्ययन गरि लागु गरिनेछ।

१८. यस क्षेत्रका कृषकलाइ सिचाइमा पचास युनिट सम्मको महसुल निशुल्क हुने व्यवस्था गरिनेछ।

१९. गाइ, भैसी, बाख्रा ,माछा कुखुरा पालनमा आवश्यक सहुलियत अनुदानको व्यवस्था गरिनेछ।

२०. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विधुतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ।

२१. नेपाल भरीमा दोस्रो नम्बरमा लागु गरिएको करार खेतीलाई निरन्तरता दिईनेछ।

## ख. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

१. पर्यटन तथा संस्कृति प्रवर्द्धनका लागि पोखरी सौन्दर्यकरणको सम्भाब्यता आध्ययन गरिनेछ।

२. यस गाउँपालिकामा रहेको धमियायिनकोण थानलाई धर्मिक क्षेत्र तथा सांस्कृतिक ऐतिहासिक क्षेत्र र गोतहा पोखरीको क्षेत्रलाई व्यवस्थित तथा विस्तार गरी पर्यटकीय क्षेत्रको रुपमा विकास का लागि अध्ययन कार्य अगाडी बढाईनेछ।

३. गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ।

४. धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ।

५. मैथिली रितीरिवाज झल्कीने सास्कृतिक कार्यक्रमहरु , फागुन पुर्णिमा होली , दाहा मेला (मोर्हरम) , झिझिया नाच, अल्हा रुदल नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला लगायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बर्द्धनको निम्ती विभिन्न संघसंस्थाको साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

६. गाउँपालिका खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पुर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मुर्तिकला, चित्रकला जस्ता संकेतहरु SYMBOL(सिम्वोल) निर्माण गरिनेछ।

७. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

८. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्यकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

९. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका पर्यटन क्षेत्रको सम्भाव्यता अध्य यन गरी सोही आधारमा पर्यटन पुर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१०. यस पालिका भित्र रहेका अर्नमा बजरको दुर्गा मन्दिर लालपुर चौको लोकेश्वरी देवी र गोसा पोखरीको लाटीबैकि लगायतका अन्य मठमन्दिर बिचको अन्तरसम्बन्ध कायम गरी धार्मिक सांस्कृतिक एवम् पुरातात्विक क्षेत्रको रुपमा विकास गरिनेछ।

## ग. उद्योग तथा वाणिज्य नीतिः

१. यस गाउपालिका क्षेत्रमा सञ्चालन हुने सम्पुर्ण उद्योग तथा व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउन विशेष अभियान सञ्चालन गरिनेछ।

२. महिला उधमी र अर्गानिक कम्पोष्ट मल उत्पादन गर्ने उधमीलाई सहुलियत ऋण उपलब्ध गराइने छ।

४. परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ।

५. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्व-रोजगारीमा टेवा पुऱ्याइनेछ।

६. गाँउपालिका क्षेत्रमा संचालित उद्योग एवं व्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ।

७. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिचाई , कृषि सडक, विधुतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ।

## घ. सहकारी नीतिः

१. प्रत्येक वडामा सहकारी मार्फत दूध संकलन केन्द्र स्थापना गरिनेछ।

२. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित , सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरि सहकारी मार्फत विकासात्मक कार्य गर्ने नीति लिइनेछ।

३. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ।

४. स्थानीय सहकारी संस्थाहरुको दर्ता , नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ।

५. सहकारी संस्ताहरुलाई कोपोमिसमा आवद्ध गराईनेछ।

## ङ. राजश्व परिचालन नीति

१. करको दायरा बढाई करको दर समायोजनको व्यवस्था गरिनेछ।

२. कर तिर्न सबै करदातालाई प्रेरित गरिनेछ।

३. एक जना उत्कृष्ट करदातालाई सम्मान गरिनेछ।

४. कर तथा राजस्व प्रशासन लाई चुस्त , दुस्त बनाउन software (सोफ्टवोयर) प्रणाली अनिवार्य रुपमा लागु गरिनेछ।

५. अधिकतम जनतालाई स्व स्फुर्त रुपमा करको दायरा भित्र ल्याउन उपयुत्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।

६. समयमा र सबभन्दा बढी राजस्व तिर्ने एक जना कर्मचारीलाई उत्त्कृस्ट घोषणा गरि पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।

७. करको दर सम्भव भएसम्म न्युन तम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्युनीकरण गर्दै लगिनेछ । गाउँपालिका आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

८. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

९. आम नागरिकमा कर तिर्नु सम्मानित हुनु पनि हो भन्ने परिवेश सृजना गर्न करदाता शिक्षा संचालन गर्ने तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

१०. राजश्व चुहावटलाई नियन्त्रण गर्न नीतिगत कानूनी, व्यवस्थापकीय तथा सांगठनिक पक्षहरुको कमजोरीलाई न्युनीकरण गर्दै चुहावटका छिद्रहरु नियन्त्रण गर्न आवस्यक कानून तर्जुमा गरी लागु गरिनेछ ।

११. करको दायरामा नपरेका सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गर्ने बासिन्दाहरुलाई वहाल बिटौरी कर लईने व्यवस्था मिलाईनेछ ।

१२. प्रचलित कानूनी व्यवस्था बमोजिम स्थानीय सरकारको करको दायराभिर समेटिने करदातालाई पहिचान गरी करको दायरामा ल्याउने कार्यको थालनी गरिनेछ ।

१३. आन्तरिक आय वृद्धि गर्न कर संकलन घुम्ति अभियान संचालन गरिनेछ । साथै राजश्व संकलनको झन्जटलाई सरलिकृत गर्न सरकारी अनलाईन राजश्व प्रणालीको अवलम्बन गरिनेछ ।

१४. सबै प्रकारका करदाताको संख्यत्मक तथा गुणात्मक पहिचानका लागि करदाता तथ्याङ्क संकलन कार्यको आरम्भ गरी SuTRA Revenue प्रणालीमा आवद्ध गर्ने कार्यको आरम्भ गरिनेछ ।

१५. आन्तरिक राजस्वको अनुमान, राजश्व नीति र दर निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्ने 'राजस्व परामर्श समिति' (RAC) को सक्रियता लाई अवलोकन भ्रमण, नियमित बैठक र गृहकार्य मार्फत प्रभावकारी बनाईनेछ ।

१६. करदाताको वास्तविक तथ्याङ्क र सम्पत्तिको यथार्थ मूल्याङ्कनका लागि डिजिटल प्रविधिको पूर्ण उपयोग गर्न र विद्यमान प्रणालीलाई सुदृढ बनाउन आवस्यक कार्ययोजना तय गरिनेछ ।

१७. SuTRA Revenue को पूर्ण कार्यान्वयन:सबै वडामा अनलाइन रसिद काट्ने र 'नगद लेनदेनलाई शून्य नगद कारोबार' (Zero Cash Handling) को नीति अवलम्न गरिनेछ। यस अन्तरगत विद्युतिय माध्यामबाट राजश्व भुक्तानी हुने व्यवस्था मिलाईनेछ।

१८. राजश्व प्रशासनलाई चुस्त बनाउन करदाता पहिचान, करयोग्य सम्पत्ति मुल्याङ्कण, कर निर्धारण , बिजक(विल) जारी र कर भुक्तानी लगायतका सम्पुर्ण प्रकृयामा वैज्ञानिक विधि लागु गरिनेछ।

१९. सङ्घीय सरकारबाट जारी हुने स्थायी लेखा नम्वर र सो सँग सम्बन्धित कार्य गाउँपालिकाबाट नै हुने व्यवस्थाका लागि सेवाकेन्द्रको स्थापना गरी कार्यको थालनी गरिनेछ।

## च. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः

१. कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कडाईका साथ फर्छियौट गर्न आवश्यक पहल गरिनेछ।

२. चौमसिक रुपमा आन्तरिक लेखा परिक्षणको व्यवस्था गरि सार्बजनिक गरिनेछ। नियमित आन्तरिक लेखा परीक्षण गरिनेछ।

## छ. श्रम तथा रोजगार सम्बन्धी नीतिः

१. वैदेशिक रोजगारीमा रहेका कामदार तथा तिनीहरुको परिवारले मुलुकमा गरिरहेको योगदानको कदर तथा तिनीहरुको अधिकारको सुनिश्चित गर्ने नीति लिईनेछ । यसका लागि नेपाल सरकार तथा सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह , मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्श सेवा , वित्तीय साक्षरता , उद्यमशिलता विकास तथा आवश्यक सहयोग प्रदान गरिनेछ।

२. अर्नमा गाउँपालिकाले यस पालिकाभित्र प र्याप्त आय तथा रोजगारीका सिर्जना गरिनेछ । रोजगारी सृजनाका लागि विभिन्न कार्यक्रमहरु ल्याउनेछ । उक्त अवसरहरुमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरुको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाईनेछ । जसको लागि उद्यमशीलता विकास कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारका परिवारहरुलाई उद्यम स्थापना गर्न सहुलियतलाई ऋण, प्राविधिक सहयोगलगायतका सेवाहरुलाई निरन्तरता दिनुको साथै सम्बन्धित कार्यक्रम तथा निकायहरुसँग समन्वयात्मक तवरबाट कार्य गर्ने नीति लिईने छ।

३. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।स्वरोजगार, आन्तरिक रोजगारसाथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ।

## ३. पुर्वाधार विकास नीतिः

### क. सडक तथा पूल

१. कृषि सडकलाई प्राथमिकता दिई निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
२. सडक सञ्जालको बास्तविक तथ्याङ्कन तयार गरी सडक गुरुयोजना निर्माण गरिने छ।
३. चालु आ.व.मा गाउँपालिकाको प्रशासकीय भवन सम्पन्न गरिने छ ।
४. गाँउको विभिन्न वडाहरुमा रहेको मूल बाटोहरु स्तरोन्नती गर्ने नीति लिइनेछ। गाँउको भित्री बाटोहरुलाई आवश्यकता अनुसार फराकिलो बनाइ मुल बाटोसम्म जोड्ने ग्राभेल तथा RCC/PCC (आरसिसि/पिसिसि) ढलान जस्ता कार्यलाई निरन्तरता दिईनेछ।
५. गाँउपालिका क्षेत्रको समग्र पुर्वाधार विकासका लागि चालू आ.व. मा यातायात गुरु योजना तयार गर्ने तथा एकिकृत ग्रामिण विकास योजना लागु गरिनेछ।
६. माटो, ग्राभेल तथा टुके योजनालाई निरुत्साहन गर्ने नीति लिइने छ।
७. गाउँपालिका क्षेत्रको सडक तथा स-साना पुलहरु त था पानी निकासको लागि ह्युम पाईप जडान गर्ने नीतिहरु अंगिकार गरिनेछ।
८. गाउँपालिकाका विभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गरिने छ।
९. गाउँपालिकामा रहेको खाली मैदानमा आवश्कता अनुसार गाउँपालिका स्तरीय रंगशाला निर्माण गर्न अध्ययन गरिनेछ।
१०. गा.पा.क्षेत्र भित्रका संरचना , जग्गा, जमिन, गा.पा.का अधिनमा आउन सक्ने सम्भावित सम्पति खोजविन नापजांच आदि कार्यको लागि प्राविधिकको व्यवस्था गरिनेछ।
११. सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
१२. साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ।
१३. आवधिक योजना, आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
१४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
१५. वर्षातको समयमा क्षति हुने सडकहरुको संरक्षण गरिनेछ।
१६. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोगता समितिलाई सम्मान गर्दै समग्र योजनाहरु लाई थप प्रभावकारी बानाउने नीति लिइनेछ।
१७. सार्वजनिक स्थल मठ मन्दिर र धर्मशाला लगायत स्थानहरुमा रहेका अतिक्रमित जग्गाहरुको पहिचान गरि संरक्षण तथा संवद्धन गर्ने निति अवलम्बन गरिने छ।

१८. दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्थानीय सरकार स्पष्ट नीति तथा कार्ययोजना बनाई बार्षिक योजनामा समावेश गरी कार्यनव्यनमा ल्याईनेछ ।

१९. गाउँपालिकाको योजनाहरु संचालन गर्दा भौगोलिक अवस्था प्रारम्भिक वतारणीय प्रभाव मुल्याङ्कन IEE र वतावरणिय प्रभाव मुल्याङ्कन EIA अनुसार योजनाहरु संचालन गरिनेछ ।

२०. गैरसरकारी संस्था मार्फत साझेदारिमा हुने योजनाहरुलाई जोडदिनेछ साथै सम्पुरक अनुदान बाट संचालन हुने योजनाहरुमा लागत साझेदारीका लागि बजेट सुनिश्चित गरि कार्यन्वयन गरिनेछ ।

२१. सबै वडाका उपभोगता समिति र सरोकार बाला निकायहरुका लागि योजना संचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्दै योजना अनुगमन, निरिक्षण र परिमाण र गुणस्तर अनुरुपको काम गर्नका लागि अनुगमन समितिलाई जिम्मेवार बनाईने छ ।

२२. दिगो विकासका लक्ष्य हासिल गर्नका लागि बनेका योजनाहरुलाई प्राथमिकतामा राखिने छ ।

२३. आवासको हकलाई सुनिश्चित गर्न सुर्क्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजी क्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

२४. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोना संचालन गरिनेछ । गाउँपालिका गहनाको रुपमा रहेको पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुर्ननिर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

## ख. भवन तथा शहरी विकास नीतिः

१. भवन निर्माण गर्दा यस गाउँपालिकाबाट स्वीकृत कार्यविधि तथा नेपाल सरकार वा स्थानीय भवन संहिता ले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

२. घरनक्सा स्वीकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्डजरिवानाको व्यवस्था गरिनेछ ।

३. वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

४. प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला , विद्युत, खल्ला स्थान आदिको व्यवस्था सहित गाउँपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।

५. गाउँपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु , पोखरी लगायतका सम्पत्तिहरु , सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरि उचित व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकता अनुसार **DPR** गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

७. अर्नमा अवास कार्यक्रम संचालन गर्ने छ ।

## ४. वातावरण, वन तथा विपत व्यवस्थापन नीतिः

### क. वन तथा भु-संरक्षण नीतिः

१. वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वाताबरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।
२. गाउँपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ।
३. नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधी गुणयुक्त वनस्पतिहरु , जडिबुटिहरु तथा दुर्लभ एवम लोपोन्मुख बिरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ।
४. गाउँपालिका क्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यबस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।
५. नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरि टटवन्धको कार्य प्रारम्भ गरिनेछ।
६. यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ।

### ख. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः

१. विकास कार्यक्रमहरु संचालन गर्दा बातावरण मैत्रि र जलवायु परिवर्तनसंग अनुकुलित हुने गरि संचालन गरिनेछ।
२. प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा. घोषणाको लागि पहल गरिनेछ।
३. जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रासायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ।
४. ठुला ठुला आयोजनाहरु संचालन गर्दा **EIA/IEE** गरिनेछ।

### ग. फोहोरमैला व्यवस्थापन नीतिः

१. गाउँक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ।
२. फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ।
३. फोहर व्यवस्थापनका सम्बन्धमा बडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ
४. गाउँक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीनीति अवलम्बन गरिनेछ।
५. सरसफाई कार्य नियमित व्यवस्थित गर्न सरसफाई कर्मचारीको व्यवस्था गरिनेछ।

### घ. विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीतिः

१. विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय , गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सूजना हुन रोक लगाइनेछ।
२. स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
३. विपदको समयमा राहत प्रदान गर्न एबम तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा र परिचालन सम्बन्धि निर्देशिका तयार गरिनेछ।
४. विपदपूर्व तयारी तथा प्रतिकार्य योजना निमाणपूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिनेछ।
५. खोज तथा उध्दार गर्न सक्ने , अग्नी नियन्त्रण गर्न सक्ने , प्राथमिक उपचार गर्न सक्ने , मनोसामाजिक परामर्श दिन सक्ने दक्षजनशक्ति परिचालन गरिनेछ।

## ५. संस्थागत विकास, सुशासन र सेवा प्रवाहः

### क. वित्तिय व्यवस्थापन

१. गाउँपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखा ङ्कन **software** (सोफ्टवोयर) मार्फत गरिनेछ।
२. सार्वजानिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गरिनेछ।
३. खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ।
४. उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन , खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ।
५. वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ।
६. बाल कल्बहरुका प्रिशक्षकहरुलाई आर्थिक प्रोत्साहन समेत गरिनेछ।

### ख. न्याय सम्पादन नीतिः

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को अधिनमा रहि निष्पक्ष , छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गरिनेछ।
२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा भएको मेलमिलाप समितिलाई सक्रिय बनाईनेछ।
३. स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई , समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण तालिम प्रदान गरिनेछ।

४. गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाँउपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार राखिनेछ।

५. न्यायिक कार्य सम्पादनलाई बार्षिक प्रतिवेदन मार्फत सभामा पेश गर्ने व्यवस्था मिलाईनेछ

## ग. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः

१. नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सूचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ।

२. गाउँपालिकाको बेवसाईट लाई रि -डिजाईजेशन गरि एक्ट्रेक्टिन बनाईनेछ , फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालको समेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ।

३. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने , सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल मार्फत पत्र आदानप्रदान गर्ने व्यवस्था गरिनेछ।

४. सूचना सूचित तथा व्यवस्थित गर्न नागरिक वडा पत्र र यस गापा भित्रका सम्पुर्ण सार्वजनिक निकायलाइ प्रविधि मार्फत नियन्त्रण हुने व्यवस्था गरिनेछ।

५. सुचना अधिकारीलाई सक्रिय तथा जवाफदेही बनाईनेछ।

६. यस क्षेत्रको पत्रकारहरु तथा संचारकर्मिहरु लाई अभिमुखिकरण मार्फत थप उर्जावान बनाउने प्रयत्न गरिनेछ।

## ङ. सार्वजनिक सेवा तथा संगठन

१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका ला गि विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ।

२. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सर ल ढंगबाट सेवा दिन गाउँ कार्यपालिकाको कार्यालय , सबै वडा कार्यालयहरु तथा कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक बडापत्र रा ख्ने तथा **First come first service, Last come last service** (फस्ट कम फस्ट सर्भिस लाष्ट कम लाष्ट सर्भिस) सिद्धान्त का आधारमा सेवा प्रदान गरिनेछ।

३. गाँउपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई- हाजिरी प्रणालीलाई निरन्तरता दिइने तथा थप व्यवस्थित गरिनेछ।

४. सेवा प्रवाह तथा कार्यसम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणा लीलाई क्रमश लागू गरिनेछ। यसै वर्ष वडाकार्यालयहरुमा **Cctv**(सिसिटिभि), **back up** (व्याकप) तथा **Internet** (ईन्टरनेट) सेवा जडान गरी गाउँपालिका केन्द्रसँग **networking** (नेटवर्किङ्) गरिन्छ।

५. दक्ष इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने निति अबलम्बन गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन तथा सम्मान स्वरूप रकमरु. १० हजार नगद पुरस्कार प्रदान गर्नेछ।
६. कर्मचारी कल्याण काषको व्यवस्थालाई निरन्तरता दिईनेछ।
७. गाउँपालिकाको सेवा प्रवाह , अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार चार पांग्रे तथा दुई पांग्रे सवारी साधनहरु व्यवस्थापन गरिनेछ।
८. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान , सिप, र व्यवहारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ पटक उत्कृष्ट पालिकाहरुमा अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था गरिनेछ।
९. दरवन्दी भन्दा बाहिर वा फाजिल दरबन्दीमा रहेको कर्मचारीलाई सरुवा वा विदाई गरी व्यवस्थापन गरिनेछ।
१०. वार्षिक कार्य योजना तयार गरि सोहि बमोजिम कार्यन्वयन गरिनेछ।
११. गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवार तुल्याउन आर्थिक वर्षको पहिलो महिनामा शाखाको कर्मचारी शाखा प्रमुखसँग , शाखा प्रमुख, प्रमुख प्रमुख प्रशासकीय अधिकृतसँग र सम्पूर्ण कर्मचारी सामुहिक रुपमा प्र.प्र.अ. संग र प्र.प्र.अ गा.पा. अध्यक्षसँग कार्य सम्पादन सम्झौता गरिनेछ।
१२. शाखागत कार्य विवरण तथा कार्य विशिष्टिकरण तयार गरी कार्यान्वयन गरिनेछ।
१३. कर्मचारीहरु कार्य सम्पादनका लागि सूचक सहितका मापदण्ड बनाइने छ र सोही मापदण्ड बमोजिम प्राप्त अंको आधारमा सेवा सुविधा एवं दण्ड पुरस्कारको व्यस्था गरिनेछ।
१४. कर्मचारीका मनोवल उच्च राख्न एवं नतिजामुखी बनाउनको साथै सुशासन मापन गर्न कार्य सम्पादनमा उत्कृष्ट अंक प्राप्त गर्ने कर्मचारीहरुलाई न्यूनतम ५% देखि अधिकतम मासिक २० % सम्म का प्रोत्साहन भत्ता रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
१५. प्रोत्साहन भत्ता तथा कुनै पनि थप सेवा सुविधाका लागि तोकिएको समय भन्दा बढी कार्य गरेको ई-हाजिरिको रेकर्डका आधारमा भएको र यस गाउँपालिकाको कार्मचारीको कार्य जिम्मेवारीको बहन , कार्य बोझ, कार्य सम्पादन तथा उत्तरदायित्व निर्वाह समेटी बनाईएको मापदण्डमा परेको हुनु पर्नेछ।

उपस्थित सभा सदस्यज्युहरु,

आ.व.२०८३/०८४ को नीति कार्यक्रम यस गाउँपालिकाको लागि एउटा दिर्घकालिन नीति पनि हो। यो स्थानीय तहको लागि इतिहास हुनेछ। यसले आगामीपुस्ताहरुलाई मार्गदर्शन दिई रहनेछ।

यस कारण यस अर्नमा गाउँपालिकाको लक्ष्य हासिल गर्न जनताको आशा विश्वासलाई जोगाउन गाउँपालिकाको समग्र विकास गर्न "शिक्षा कृषि र स्वास्थ्य हाम्रो प्राथमिकता", समृद्ध अर्नमा निर्माणमा

हामी सबैको प्रतिवद्धता " नारा साकार पार्न क्षेत्रगत , विषयगत , वडागत योजनाहरु नीति तथा कार्यक्रम अनुरुप हुनजरुरी छ ।

उपस्थित सभा सदस्यज्युहरु :

गाउँपालिकाको सन्तुलित, व्यवस्थित एवं समावेशी र दिगो विकास हाम्रो चाहाना ही ४ साध्य पनि हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ। जसबाट समग्र गाउँपालिकाकी सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु। योजना तर्जुमा गर्न र वस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँडनको रचनात्मक, सूजनात्मक ठोस सहयोग रहने कुरामा म आशावादी छु ।

गाउँसभाको सदस्य ज्युहरु **यस गाउँ सभाको १२ औ अधिवेशनको दोश्रो बैठक मिति २०८३/०३/०७ गते ११ बजे** बस्ने गरी आजको बैठकको कारवाही यही स्थगन भएको घोषणा गर्दछु ।

अन्त्यमा यहाँहरु सबैलाइ विशेष धन्यवाद दिदै विदा हुन्छु । धन्यवाद, नमस्कार !

..............................

श्री अशोक कुमार यादव
गा.पा. अध्यक्ष
अर्नमा गाँउपालिका,
अर्नमा सिरहा

२०८३ साल जेष्ठ २६ गते मंगलवार